

समाचारपत्र

एमसिए–नेपाल

अङ्क १० | २०८१ साल वैशाख - असोज

एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयनको पहिलो वर्ष

मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) को व्यवस्थापनमा २०८० साल भदौ १३ गते कार्यान्वयनमा प्रवेश गरेको एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमको पहिलो वर्ष पूरा भएको छ ।

कार्यान्वयनको पहिलो वर्षमा हासिल केही प्रमुख उपलब्धिस्वरूप ४०० केभि सबस्टेशन एवं १८ किमि सीमापार विद्युत् प्रसारण लाइन निर्माणसम्बन्धी सम्झौताका साथै विद्युत् नियमन आयोगलाई पूर्णकालीन सल्लाहकारबाट सशक्तीकृत गर्नका लागि ऊर्जा क्षेत्र प्राविधिक सहयोग अन्तर्गतको सम्झौता तथा विद्युत् प्रसारण आयोजनाबाट प्रभावित क्षेत्रमा विद्युत् प्रयोग अभिवृद्धिसम्बन्धी परामर्श सेवासम्बन्धी सम्झौतामा हस्ताक्षर भएका छन् ।

माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्का नयाँ दमौली सबस्टेशन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षरका लागि २०८१ साल साउन १६ गते आयोजना गरिएको समारोहलाई सम्बोधन गर्नुहुँदै ।

विषय सूची

- कार्यक्रमहरू ४
- विद्युत् प्रसारण आयोजना ७
- निर्माण स्थलमा प्रगति ८
- सडक मर्मत आयोजना ११
- सफलताको कथा १२

अद्यावधिक जानकारीका लागि

१८ किमि सीमापार प्रसारण लाइन निर्माणसम्बन्धी सम्झौता

एमसिए-नेपालले १२३.६० लाख अमेरिकी डलर लागतको १८ किमि सीमापार विद्युत् प्रसारण लाइन निर्माणका लागि ट्रान्सरेल लाइटिङ लिमिटेडसँग २०८१ साल भदौ १४ गते सम्झौता गरेको छ । उक्त सम्झौता अन्तर्गत नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा निर्माण हुने नयाँ बुटवल सबस्टेशनदेखि नेपाल-भारत सीमासम्मको ४०० केभि क्षमताको प्रसारण लाइनको निर्माण २१ महिनामा गरिनेछ ।

एमसिए-नेपाल सञ्चालक समितिको २०८० साल फागुन १४ गते बसेको ४०औँ बैठकले नेपाल तथा भारतबीचको ऊर्जा व्यापार सम्झौता अन्तर्गतका दायित्व पूरा गर्न नयाँ बुटवल - गोरखपुर विद्युत् प्रसारण लाइनको नेपालमा पर्ने १८ किमि खण्डलाई ३१५ किमि लामो प्रसारण लाइनबाट छुट्याएर यस खण्डको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने निर्णय गरेको थियो ।

उक्त १८ किमि लामो प्रसारण लाइनले ऊर्जासम्बन्धी नेपालको आन्तरिक लक्ष्य हासिल गर्न तथा क्षेत्रीय ऊर्जा बजारमा नेपालको स्थानलाई स्थापित गर्न नेपाललाई सहयोग गर्दै महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । यस प्रसारण लाइन पूर्वाधारले नेपालमा जलविद्युत् आयोजनामा लगानी प्रवर्द्धन गर्नुका साथै नयाँ बुटवल - गोरखपुर सीमापार प्रसारण लाइन मार्फत थप ऊर्जा व्यापारका लागि सहजीकरण गर्न पनि सघाउनेछ ।

रातमाटे सबस्टेशन निर्माणसम्बन्धी सम्झौता

एमसिए - नेपालले नुवाकोट जिल्लामा ५१६ लाख अमेरिकी डलर लागतमा ४०० केभि क्षमताको रातमाटे सबस्टेशन निर्माणका लागि टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेडसँग २०८१ साल जेठ ३२ गते सम्झौता गरेको छ । उक्त सबस्टेशनको निर्माण ३९ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

यस सबस्टेशनले लप्सीफेदी र नयाँ हेटौंडा सबस्टेशनबीच विद्युत् प्रसारणका लागि महत्वपूर्ण सेतुका रूपमा काम गर्नेछ । निर्माण सम्पन्न भएपछि १००० मेगा भोल्ट एम्पायर (एमभीए) क्षमतायुक्त हुने रातमाटे सबस्टेशन नेपालकै एउटा ठूलो सबस्टेशन बन्नेछ ।

एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट र टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेडका निर्देशक - वाणिज्य श्री राजीव अग्रवाल २०८१ साल जेठ ३२ गते रातमाटे सबस्टेशन निर्माण सम्झौतामा हस्ताक्षर गर्नुहुँदै ।

नयाँ बुटवल सबस्टेशन निर्माणसम्बन्धी सम्झौता

नेपालका लागि अमेरिकी राजदूत महामहिम डिन थम्पसन, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक श्री कुलमान घिसिङ तथा एमसीसीका आवासीय राष्ट्र निर्देशक श्री डायन एल. फ्रान्सिस्कोको समुपस्थितिमा २०८१ साल वैशाख २७ गते आयोजित एक समारोहमा एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट र लिङ्सन इण्डिया प्रालिका बिक्री निर्देशक श्री मयङ्क पाण्डे नयाँ बुटवल सबस्टेशन निर्माणसम्बन्धी सम्झौता आदानप्रदान गर्नुहुँदै ।

एमसिए-नेपालले लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा ३५३.१० लाख अमेरिकी डलर लागतमा नयाँ बुटवल सबस्टेशन निर्माणका लागि लिङ्सन इण्डिया प्रालिसँग २०८१ साल वैशाख २७ गते सम्झौता गरेको छ ।

४०० केभि क्षमताको उक्त ग्यास इन्सुलेटेड स्वीचगेयर (जीआईएस) सबस्टेशनको निर्माण ३९ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ । निर्माण सम्पन्न भएपछि उक्त सबस्टेशनको क्षमता ९४५ एमभीएको हुनेछ ।

नयाँ दमौली सबस्टेशन निर्माणसम्बन्धी सम्झौता

एमसिए-नेपालले तनहुँ जिल्लामा ३८८.९० लाख अमेरिकी डलर लागतमा ४०० केभि क्षमताको नयाँ दमौली सबस्टेशन निर्माणका लागि टेक्नो इलेक्ट्रिक एण्ड इन्जिनियरिङ कम्पनी लिमिटेडसँग २०८१ साल साउन १६ गते सम्झौता गरेको छ । उक्त सबस्टेशनको निर्माण ३९ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

निर्माण सम्पन्न भएपछि १००० मेगा भोल्ट एम्पायर (एमभीए) क्षमतायुक्त हुने नयाँ दमौली सबस्टेशन नेपालकै ठूला सबस्टेशनहरूमध्ये एउटा हुनेछ भने यो सबस्टेशन रातमाटे सबस्टेशन र नयाँ बुटवल सबस्टेशनसँग जोडिने भएकोले विद्युत् प्रवाहका लागि महत्वपूर्ण सेतु पनि बन्नेछ ।

विद्युत् प्रयोग बढाउनका लागि क्षमता अभिवृद्धि क्रियाकलापसम्बन्धी सम्झौता

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाको एमसिए साझेदारी कार्यक्रम अन्तर्गत विनरक इण्टरनेशनल इन्स्टिच्यूट फर एग्रिकल्चर डेभेलपमेण्टसँग २०८१ साल साउन ७ गते २४ लाख अमेरिकी डलरको सम्झौता गरेको छ । ३६ महिना कार्यावधि रहेको यस सम्झौता अन्तर्गत विद्युत् प्रयोग बढाउनका लागि क्षमता अभिवृद्धि क्रियाकलापसम्बन्धी परामर्श सेवा उपलब्ध गराइनेछ ।

परामर्शदातृ संस्थाले नगरपालिका ऊर्जा योजना तर्जुमा तथा विद्युत् प्रसारण आयोजनाबाट प्रभावित वडाहरूमा विद्युत्को उपलब्धिमूलक प्रयोगका लागि क्षमता विकासमा केन्द्रित हुँदै संस्थाहरू तथा व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्न एमसिए-नेपाललाई सघाउनेछ ।

विद्युत् नियमन आयोगलाई सल्लाहकार उपलब्ध गराउन सम्झौता

एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट र डेलोइट टचे तोहमाचु इण्डिया एलएलपीका साझेदार श्री तुशार सूद २०८१ साल असार ३१ गते आयोजित एक समारोहमा विद्युत् नियमन आयोगलाई पूर्णकालीन सल्लाहकारका रूपमा परामर्श सेवा उपलब्ध गराउनेसम्बन्धी सम्झौता आदानप्रदान गर्नुहुँदै ।

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाको प्राविधिक सहयोग क्रियाकलाप अन्तर्गत डेलोइट टचे तोहमाचु इण्डिया एलएलपीसँग १२ लाख अमेरिकी डलरको सम्झौता २०८१ साल असार ३१ गते गरेको छ। ४८ महिना कार्यावधि रहेको यस सम्झौता अन्तर्गत उक्त संस्थाले विद्युत् नियमन आयोगलाई पूर्णकालीन सल्लाहकाका रूपमा परामर्श सेवा उपलब्ध गराउनेछ ।

परामर्शदातृ संस्थाले विद्युत् नियमन आयोगका आर्थिक, प्राविधिक, कानुनी तथा नीतिगत/संस्थागत नियमन कार्यहरूका लागि परामर्श सहयोग प्रदान गर्नेछ ।

यी सहयोग अन्तर्गत रणनीतिगत मार्गनिर्देशन, आधारभूत नियमनकारी समीक्षाहरू, विभिन्न अध्ययनका सिंहावलोकन, मुख्य कार्यसञ्चालनसम्बन्धी अभ्यास र प्रक्रिया निर्माण तथा आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धि जस्ता क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

कार्यक्रमहरू

राष्ट्रिय सभा सदस्यहरूलाई आयोजनाको प्रगतिबारे जानकारी

एमसिए-नेपालले राष्ट्रिय सभाको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिलाई पाल्पामा २०८१ साल असोज ७ गते आफ्ना समग्र उपलब्धिहरू तथा पाल्पा जिल्लामा सञ्चालित पछिल्ला क्रियाकलापबारे जानकारी गराएको छ ।

समितिका सभापति माननीय सोनाम गेल्जेन शेर्पाको नेतृत्वमा समितिका सदस्यहरू र जिल्लास्थित स्थानीय सरोकारवालाहरू सहभागी उक्त बैठकमा राष्ट्रिय गौरवको विद्युत् प्रसारण आयोजना कार्यान्वयनको अवस्था र चुनौतिहरूबारे छलफल भएको थियो ।

पाल्पामा २०८१ साल असोज ७ गते आयोजित एक कार्यक्रममा राष्ट्रिय सभाको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सदस्यहरूलाई एमसिए-नेपालका उपलब्धिहरूबारे जानकारी गराइँदै ।

अमेरिकी उप-विदेशमन्त्रीद्वारा एमसिए-नेपालको भ्रमण

व्यवस्थापन र स्रोतसाधनसम्बन्धी अमेरिकी उप-विदेशमन्त्री रिचर्ड आर. वर्मा २०८१ साल साउन ३२ गते एमसिए-नेपालको भ्रमणका क्रममा एमसीसीका आवासीय राष्ट्र निर्देशक श्री डायन एल. फ्रान्सिस्को, एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट र उप-कार्यकारी निर्देशक - व्यवस्थापन श्री शालिनी त्रिपाठीका साथमा ।

व्यवस्थापन र स्रोतसाधनसम्बन्धी अमेरिकी उप-विदेशमन्त्री रिचर्ड आर. वर्माले २०८१ साल साउन ३२ गते एमसिए-नेपालको भ्रमण गर्नुभएको छ ।

उक्त अवसरमा उहाँलाई एमसिए-नेपाल टोलीले एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयनको अवस्था र पछिल्ला उपलब्धिहरूबारे जानकारी गराएको थियो ।

उप-विदेशमन्त्री वर्माले एमसिए-नेपालको नेतृत्व टोलीसँगको छलफलका क्रममा नेपालको आर्थिक विकासलाई अगाडि बढाउनका लागि एमसीसी नेपाल कम्प्याक्ट अन्तर्गतका आयोजनाहरू समयमै सम्पन्न गर्नु महत्वपूर्ण भएको कुरामा जोड दिनुभएको थियो ।

कार्यान्वयनको एक वर्षबारे संयुक्त सञ्चार अन्तरक्रिया

गत वर्ष भदौ १३ गते कार्यान्वयनमा प्रवेश गरेको एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रम एक वर्ष पुगेको अवसरमा उक्त कार्यक्रमले उक्त अवधिमा हासिल गरेका प्रगतिबारे सञ्चार माध्यमलाई जानकारी गराउन एमसिए-नेपाल र नेपालस्थित अमेरिकी दूतावासको संयुक्त आयोजनामा २०८१ साल भदौ ५ गते सञ्चार अन्तरक्रिया सम्पन्न गरियो ।

नेपालका लागि अमेरिकी राजदूत महामहिम डिन आर. थम्प्सन, एमसीसीका आवासीय राष्ट्र निर्देशक श्री डायन एल. फ्रान्सिस्को, एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट तथा अमेरिकी दूतावास, एमसीसी एवं एमसिए-नेपालका विभिन्न अधिकारीहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा विभिन्न सञ्चार माध्यमका करिब २० जना सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

एमसिए-नेपाल र नेपालस्थित अमेरिकी दूतावासको संयुक्त आयोजनामा २०८१ साल भदौ ५ गते आयोजित सञ्चार अन्तरक्रिया कार्यक्रम ।

अन्तरक्रियामा एमसिए-नेपालका कार्यकारी निर्देशक श्री विष्टले एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रम अन्तर्गतका आयोजनाहरूको कार्यान्वयनमा हासिल भएका महत्वपूर्ण प्रगतिसम्बन्धी प्रस्तुतिका क्रममा उक्त अवधिमा भएका मुख्य खरिद कार्यहरू तथा आयोजना स्थलमा पहुँचसम्बन्धी क्रियाकलापहरूमाथि प्रकाश पार्नुभएको थियो ।

उक्त दुई घण्टा लामो अन्तरक्रियाका क्रममा एमसिए-नेपालका विभिन्न पक्षबारे पत्रकारहरूद्वारा राखिएका प्रश्नहरूको उत्तर सम्बन्धित अधिकारीहरूले दिनुभएको थियो ।

एमसीसीको बीसौँ वार्षिकोत्सवमा एमसिए-नेपाल सहभागी

एमसीसीको बीसौँ वार्षिकोत्सवका अवसरमा विश्वव्यापी विकाससम्बन्धी दूरदृष्टिका सन्दर्भमा उक्त संस्थाले प्राप्त गरेका उपलब्धिको खुशियाली मनाउन संयुक्त राज्य अमेरिकाको डालसस्थित जर्ज डब्लू बुश अध्ययन संस्थानमा २०८१ साल वैशाख १४ गते 'प्रगतिका लागि साझेदारी' नारासहित आयोजना गरिएको सम्मान रात्रिभोजमा अन्य एमसिए राष्ट्रहरूका साथ एमसिए-नेपाल सहभागी भयो ।

अमेरिकी राष्ट्रपति श्री जर्ज डब्लू बुश एवं एमसीसीका प्रमुख कार्यकारी अधिकृत श्री एलिस अल्ब्राइट लगायतका उच्चपदस्थ व्यक्तित्वहरूको सहभागिता रहेको उक्त रात्रिभोज एमसीसीले आफ्नो नवीन अन्तरराष्ट्रिय विकास मोड्युल तथा विश्वका लाखौँ मानिसलाई उक्त संस्थाले उपलब्ध गराएको गरिबी न्यूनीकरण लाभहरूको बीसौँ वार्षिकोत्सव कार्यक्रमको एक अंशका रूपमा आयोजना गरेको थियो । एमसीसीका वर्तमान तथा पूर्व साझेदार राष्ट्रहरूका प्रतिनिधिहरू उक्त कार्यक्रममा सहभागी भएका थिए ।

एमसीसीको बीसौँ वार्षिकोत्सवका अवसरमा संयुक्त राज्य अमेरिकाको डालसस्थित जर्ज डब्लू. बुश अध्ययन संस्थानमा २०८१ साल वैशाख १४ गते 'प्रगतिका लागि साझेदारी' नारासहित आयोजना गरिएको सम्मान रात्रिभोजलाई सम्बोधन गर्नुहुँदै एमसिए-नेपालका उप-कार्यकारी निर्देशक - व्यवस्थापन श्री शालिनी त्रिपाठी ।

उक्त समारोहमा नेपालको प्रतिनिधित्व गर्नुहुँदै एमसिए-नेपालका उप-कार्यकारी निर्देशक - व्यवस्थापन श्री शालिनी त्रिपाठीले भन्नुभयो, "पचास करोड अमेरिकी डलरको एमसीसी कम्प्याक्ट कोषमा थप १९.७० करोड अमेरिकी डलर लगानी गरेर नेपाल सरकारले यो साझेदारीमा आफ्नो सशक्तता, नेतृत्व र प्रतिबद्धता प्रदर्शन गरेको छ । एमसीसीको इतिहासमा साझेदार राष्ट्रबाट भएको यो सबैभन्दा ठूलो लगानीबाट एमसीसी नेपाल कम्प्याक्ट विशेष बनेको छ ।"

कम्प्याक्टले विद्युत्मा पहुँच बढाएर तथा यातायात लागत घटाएर थप लगानी आकर्षित गर्ने, आर्थिक वृद्धिमा तीव्रता ल्याउने र गरिबी न्यूनीकरण गर्ने कुरामा पनि उहाँले प्रकाश पार्नुभयो ।

उक्त समारोहको समापनमा ३५ करोड अमेरिकी डलरको मलावी यातायात तथा भूमि कम्प्याक्टको घोषणा गरिएको थियो ।

अनुगमन तथा मूल्याङ्कन योजनासम्बन्धी अभिमूखीकरण

एमसिए-नेपालले एमसीसी नेपाल कम्प्याक्टको अनुगमन तथा मूल्याङ्कन योजनासम्बन्धी अभिमूखीकरण कार्यक्रम २०८१ साल वैशाख १४ गते काठमाडौँमा आयोजना गऱ्यो ।

उक्त छलफल कार्यक्रममा एमसिए-नेपालको अनुगमन तथा मूल्याङ्कन योजनाबारे विस्तृत जानकारी प्रदान गरिनुका साथै एमसीसीको अनुगमन तथा मूल्याङ्कन योजना र अन्य एमसीसी कम्प्याक्टका असल अभ्यासबारे छलफल गरिएको थियो ।

उक्त कार्यक्रममा एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमका साझेदार संस्थाहरू नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग, सडक विभाग र सडक बोर्ड नेपालका प्रतिनिधिहरू र एमसिए-नेपालका कर्मचारीहरू सहभागी थिए ।

एमसिए-नेपालको सञ्चालक समितिको ४०औँ बैठकले उक्त योजना स्वीकृत गरेको थियो ।

एमसिए-नेपालका अनुगमन तथा मूल्याङ्कन व्यवस्थापक श्री धिरज गोपाल झा २०८१ साल वैशाख १४ गते आयोजना गरिएको एमसीसी नेपाल कम्प्याक्टको अनुगमन तथा मूल्याङ्कन योजनासम्बन्धी अभिमूखीकरण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

निर्माण कम्पनी तथा परामर्शदाताहरूसँग कार्यारम्भ बैठक

एमसिए-नेपालका उप-कार्यकारी निर्देशक - आयोजना कार्यानयन श्री महेश आचार्य नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा नयाँ बुटवल सबस्टेशन निर्माण शुरु गर्न लिङ्सन इण्डिया प्रा.लि.सँग आयोजना गरिएको कार्यारम्भ बैठकलाई २०८१ साल असार १० गते सम्बोधन गर्नुहुँदै ।

एमसिए-नेपालले विभिन्न निर्माण कम्पनी तथा परामर्शदाताहरूसँग विभिन्न कार्यसम्बन्धी सम्झौता गरेपछि ती कार्य समयमै सम्पन्न गर्नका लागि उनीहरूसँग कार्यारम्भ बैठक आयोजना गरेको छ । ती कार्यारम्भ बैठकमा विभिन्न प्राविधिक विवरण, समयरेखा तथा कार्यान्वयन गरिनुपर्ने कार्यहरूका साथै निर्माण तथा परामर्श कार्यारम्भसम्बन्धी प्रक्रिया र मार्गनिर्देशनहरूबारे छलफल गरिएको थियो ।

१८ किमि प्रसारण लाइन निर्माणसम्बन्धी कार्यारम्भ बैठक

नयाँ बुटवल सबस्टेशनदेखि नेपाल-भारत सीमासम्मको १८ किमि लामो ४०० केभी डबल सर्किट प्रसारण लाइन निर्माणसम्बन्धी कार्यारम्भ बैठक ट्रान्सरेल लाइटिङ लिमिटेडसँग २०८१ साल असोज ११ गते काठमाडौंमा आयोजना गरिएको थियो ।

ट्रान्सरेल लाइटिङ लिमिटेडका प्रतिनिधि श्री अमोल वाङ्खेडे २०८१ साल असोज ११ गते आयोजना गरिएको नयाँ बुटवल सबस्टेशनदेखि नेपाल-भारत सीमासम्मको १८ किमि प्रसारण लाइन खण्ड निर्माणसम्बन्धी कार्यारम्भ बैठकलाई सम्बोधन गर्नुहुँदै ।

तीनवटा सबस्टेशन निर्माणसम्बन्धी कार्यारम्भ बैठक

नुवाकोट जिल्लामा ४०० केभी रातमाटे सबस्टेसन र तनहुँ जिल्लामा ४०० केभी नयाँ दमौली सबस्टेसन निर्माण गर्नका लागि टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेड (टीईईसीएल) सँग काठमाडौंमा २०८१ साल भदौ ५ र ६ गते कार्यारम्भ बैठक आयोजना गरियो । यसैगरी नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा ४०० केभी नयाँ बुटवल सबस्टेशन निर्माण कार्य शुरु गर्न लिङ्सन इण्डिया प्रा.लि.सँग २०८१ साल असार १० र ११ गते कार्यारम्भ बैठक आयोजना गरिएको थियो ।

एमसिए-नेपालका लिड इन्जिनियर - प्रसारण लाइन श्री सुजन कोइराला नुवाकोट जिल्लामा रातमाटे सबस्टेसन र तनहुँ जिल्लामा नयाँ दमौली सबस्टेसन निर्माण गर्नका लागि टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेड (टीईईसीएल) सँग आयोजित कार्यारम्भ बैठकलाई २०८१ साल भदौ ५ गते सम्बोधन गर्नुहुँदै ।

विद्युत् प्रयोग बढाउनका लागि क्षमता अभिवृद्धिसम्बन्धी कार्यारम्भ बैठक

विद्युत् प्रसारण आयोजना अन्तर्गत एमसिए साझेदारी कार्यक्रमको 'विद्युत् प्रयोग बढाउनका लागि क्षमता अभिवृद्धि कार्यक्रम' कार्यान्वयनका लागि विनरक इण्टरनेशनल इन्स्टिच्युट फर एग्रिकल्चरल डेभेलपमेण्टसँग कार्यारम्भ बैठक २०८१ साल भदौ ७ गते काठमाडौंमा आयोजना गरिएको छ।

विद्युत् नियमन आयोगलाई पूर्णकालीन सल्लाहकार उपलब्ध गराउन कार्यारम्भ बैठक

विद्युत् प्रसारण आयोजनाको ऊर्जा क्षेत्र प्राविधिक सहयोग क्रियाकलाप अन्तर्गत विद्युत् नियमन आयोगलाई पूर्णकालीन सल्लाहकारका रूपमा परामर्श सेवा उपलब्ध गराउन डेलोइट टचे तोहमाचु इण्डिया एलएलपीसँग भदौ २० गते कार्यारम्भ बैठक आयोजना गरिएको छ।

विद्युत् प्रसारण आयोजना

२९७ किमि प्रसारण लाइनसम्बन्धी खरिदबारे छलफल

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाको २९७ किमि लामो प्रसारण लाइन खण्डको आगामी खरिदसम्बन्धी जानकारी सम्भाव्य बोलपत्रदाताहरूलाई प्रदान गर्न २०८१ साल असोज १४ गते छलफल कार्यक्रम आयोजना गरेको थियो।

विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय कम्पनीका करिब ७० जना प्रतिनिधिको सहभागिता रहेको उक्त कार्यक्रममा एमसिए-नेपालले गर्ने खरिदका उद्देश्यहरू, समय तालिका, खरिद प्रक्रिया, सिद्धान्त र मार्गनिर्देशनबारे जानकारी गराइएको थियो।

उक्त प्रसारण लाइन निर्माणका लागि २०८१ साल मङ्सिरभित्र बोलपत्र आह्वान गरिनेछ।

एमसिए-नेपालले यस अघि छुट्टै खरिद प्रक्रियामार्फत महत्वपूर्ण १८ किमि लामो विद्युत् प्रसारण लाइन खण्डको ठेक्का सम्झौता गरिसकेको छ। नेपाल सरकारको सीमापार विद्युत् व्यापारको महत्वलाई दृष्टिगत गरी ३१५ किमि प्रसारण लाइनबाट १८ किमि खण्डलाई अलग गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरिएको थियो।

एमसीसीका आवासीय उप-राष्ट्र निर्देशक श्री सञ्जय पौड्याल २९७ किमि प्रसारण लाइनसम्बन्धी आगामी खरिदबारे जानकारी प्रदान गर्नका लागि २०८१ साल असोज १४ गते आयोजित छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै।

अस्थायी पहुँचमार्ग निर्माणका लागि अध्ययन

प्रसारण लाइन मार्गमा प्रसारण टावर निर्माणका लागि आवश्यक अस्थायी पहुँच मार्गसम्बन्धी इन्जिनियरिङ अध्ययन गर्दै।

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गत विद्युत् प्रसारण टावरहरूको जग निर्माणस्थलसम्म पुग्नका लागि आवश्यक अस्थायी पहुँचमार्ग निर्माणका लागि इन्जिनियरिङ्ग अध्ययन सम्पन्न गरेको छ।

विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने आठ जिल्लामा गरिएको उक्त अध्ययन २०८१ साल वैशाख १३ गते सम्पन्न भएको थियो।

यसका अतिरिक्त एमसिए-नेपालले आठ जिल्लामा छनोट गरिएका अस्थायी पहुँचमार्गसम्बन्धी वातावरणीय र सामाजिक अध्ययन पनि २०८१ साल भदौमा सम्पन्न गरेको छ।

उक्त अध्ययनले अस्थायी पहुँचमार्गको लम्बाइ तथा तिनीहरूको वातावरणीय एवं सामाजिक प्रभावसम्बन्धी स्थलगत विवरण उपलब्ध गराएको छ। २९७ किमि लामो विद्युत् प्रसारण लाइन निर्माणका लागि प्रकाशित गरिने परिमार्जित बोलपत्रसम्बन्धी कागजातमा यसलाई समावेश गरिएको छ।

रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम सम्पन्न

एमसिए-नेपालले परामर्शदातृ संस्था सप्रोस नेपालसँगको सहकार्यमा २०७८ साल चैत ४ गते कार्यान्वयन थालनी गरेको रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम २०८१ साल जेठ १७ गते सम्पन्न गरेको छ । उक्त कार्यक्रम नुवाकोट जिल्लाको रातमाटेमा जग्गा प्राप्ति गर्दा प्रभावित भएका करिब २७० जना व्यक्तिका जीविकोपार्जन पुनःस्थापना वा सुधारका लागि सञ्चालन गरिएको थियो ।

उक्त दुई बर्से कार्यक्रम अन्तर्गत कृषि विकास क्रियाकलापहरू, सीपमूलक तालिमहरू, वित्तीय साक्षरता कार्यक्रम, लैङ्गिक तथा सामाजिक समावेशीकरण एवं जीवनोपयोगी सीपसम्बन्धी अभिमूखीकरण, प्रौढ साक्षरता तालिम, व्यावसायिक योजना विकास लगायतका विभिन्न पहलहरू सञ्चालन गर्नुका साथै एउटा बहुउद्देश्यीय सहकारी पनि स्थापना गरिएको थियो ।

रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत व्यावसायिक तरकारी खेती, बाख्रापालन, कुखुरापालन तथा धान खेती जस्ता कृषि विकाससम्बन्धी तालिम १०६ जना आयोजना प्रभावित व्यक्तिलाई प्रदान गरिएको थियो । तालिमपछि आयोजना प्रभावित व्यक्तिहरूलाई प्रदान गरिएको परामर्श तथा प्राविधिक सहयोगका कारण उनीहरूको कृषि उत्पादकत्वमा ३०३ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी उक्त कार्यक्रमको सीपमूलक तालिम क्रियाकलाप अन्तर्गत १८ वटा विभिन्न

रोजगारीमूलक तालिममा १६३ जना आयोजना प्रभावित व्यक्ति सहभागी भएका थिए ।

आयोजना प्रभावित व्यक्तिहरूलाई वित्तीय साक्षरता, प्रौढ साक्षरता, लैङ्गिक तथा सामाजिक समावेशीकरण एवं जीवनोपयोगी सीपसम्बन्धी अभिमूखीकरण पनि प्रदान गरिएको थियो । यी प्रशिक्षणबाट आयोजना प्रभावित व्यक्तिहरू वित्तीय व्यवस्थापनमा सक्षम बन्नुका साथै बचत गर्न एवं उद्यमशील बन्न प्रोत्साहित भएका थिए । यस कार्यक्रमको पहलमा २०८० साल वैशाख २७ गते दर्ता गरिएको बेलकोटगढी नगरपालिकाकै पहिलो सहकारीले आयोजना प्रभावित व्यक्तिहरूलाई बचत तथा ऋणमा पहुँच उपलब्ध गराएको छ ।

समग्र रूपमा जीविकोपार्जन पुनःस्थापना कार्यक्रमले कृषि उत्पादकत्वमा अभिवृद्धि गरी आयस्तर तथा उन्नत रोजगारीका लागि आवश्यक सीपलाई उकासेको छ । फलस्वरूप ३४ जना आयोजना प्रभावित व्यक्तिहरूले रोजगारी पाएका छन् भने ३९ जनाले आफ्नै व्यवसाय शुरु गरेका छन् ।

एमसिए-नेपालले २०८१ साल साउन ८ गते एक कार्यक्रम आयोजना गरी रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गरेकोमा परामर्शदातृ संस्था सप्रोस नेपालप्रति सराहना व्यक्त गरेको थियो ।

निर्माण स्थलमा प्रगति

प्रसारण लाइनका लागि जग्गा प्राप्ति

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाबाट प्रभावित सबै जिल्लामा प्रसारण लाइनको टावरको जग निर्माण गर्नका लागि आवश्यक जग्गा प्राप्तिका सन्दर्भमा उल्लेख्य प्रगति गरेको छ । नौ वटा जिल्लामा प्राप्ति गरिने जग्गा कित्ताका पूर्ण विवरणसहितको सार्वजनिक सूचना जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ अनुसार प्रकाशित गरिसकिएको छ । सूचना प्रकाशित गरिएपछि प्राप्ति गरिने जग्गाका लागि मुआब्जा सिफारिश गर्न गठन गरिएका क्षतिपूर्ति निर्धारण समितिहरूका उप-समितिहरूले नौ वटै जिल्लामा स्थलगत प्रमाणीकरण पनि सम्पन्न गरिसकेका छन् ।

पाँच जिल्लामा जग्गाको मुआब्जा दर निर्धारण

विद्युत् प्रसारण आयोजना अन्तर्गत विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर उक्त आयोजनाबाट प्रभावित हुने पाँच वटा जिल्लामा निर्धारण गरिएको छ ।

जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था अनुसार सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित उक्त मुआब्जा निर्धारण समितिहरूले आवश्यक प्रक्रिया तथा अनिवार्य क्रियाकलापहरू पुरा गरी सरोकारवालाहरूसँगको परामर्श समेतको आधारमा मुआब्जा निर्धारण गरेका थिए ।

विद्युत् प्रसारण आयोजना अन्तर्गत विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर चितवन जिल्लामा २०८१ साल भदौ २८ गते, तनहुँ जिल्लामा भदौ २६ गते, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा असार २३ गते, मकवानपुर जिल्लामा वैशाख २८ गते र धादिङ जिल्लामा वैशाख १८ गते निर्धारण गरिएको हो ।

यसैगरी अन्य जिल्लामा गठन गरिएका मुआब्जा निर्धारण समितिहरूले पनि निकट भविष्यमा मुआब्जा दर निर्धारण गर्नका लागि काम गरिरहेका छन् ।

यस अघि एमसिए-नेपालले जग्गाको मूल्याङ्कन सिफारिशका लागि ती जिल्लामा मुआब्जा निर्धारण समितिहरूको मातहत सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठन गरिएका उप-समितिहरूलाई स्थलगत भ्रमण गराएको थियो ।

विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर निर्धारण गर्न चितवन जिल्लामा २०८१ साल भदौ २८ गते आयोजना गरिएको बैठक ।

विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर निर्धारण गर्न तनहुँ जिल्लामा २०८१ साल भदौ २६ गते आयोजना गरिएको बैठक ।

विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर निर्धारण गर्न नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा २०८१ साल असार २३ गते आयोजना गरिएको बैठक ।

विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर निर्धारण गर्न मकवानपुर जिल्लामा २०८१ साल वैशाख २८ गते आयोजना गरिएको बैठक ।

विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर निर्धारण गर्न धादिङ जिल्लामा २०८१ साल वैशाख १८ गते आयोजना गरिएको बैठक ।

पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनःस्थापना योजना सार्वजनिक

एमसिए-नेपालले २०८१ साल भदौ ३१ गते नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनःस्थापना योजना सार्वजनिक गरेको छ । जग्गा प्राप्तिका क्रममा यस महत्वपूर्ण कोशेढुङ्गापछि आयोजना प्रभावित व्यक्तिहरूसँग क्षतिपूर्ति सम्झौता गरी मुआब्जा वितरण सुरु गरिनेछ ।

पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनःस्थापना योजना सार्वजनिक गर्न २०८१ साल भदौ ३१ गते नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको प्रमुख जिल्ला अधिकारीको कार्यालयमा आयोजना गरिएको बैठक ।

सो जिल्लाका प्रमुख जिल्ला अधिकारी, निर्वाचित जनप्रतिनिधिहरू तथा स्थानीय अधिकारीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा आयोजनाबाट प्रभावित हुने निजी सम्पत्ति तथा एमसिए-नेपालको पुनर्वास नीति संरचना अनुसार उपलब्ध गराइने प्रतिस्थापन मूल्य सिद्धान्तमा आधारित मुआब्जा र क्षतिपूर्ति रकमसम्बन्धी पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनःस्थापना योजनाबारे सङ्क्षेपमा जानकारी गराइएको थियो ।

अन्तरराष्ट्रिय मापदण्डमा आधारित पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनःस्थापना योजनाले भौतिक तथा आर्थिक रूपमा विस्थापित व्यक्तिहरूको जीविकोपार्जनमा सुधार सुनिश्चित गर्दछ । एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने १० वटै जिल्लामा मुआब्जा दर निर्धारण गरिएपछि र आगामि कात्तिक महिनामा मुआब्जा वितरण शुरु गर्नुपूर्व यस्तै कार्यक्रम आयोजना गर्नेछ ।

आयोजना प्रभावित व्यक्तिहरूका लागि वित्तीय साक्षरता कार्यक्रम

एमसिए-नेपालले २०८१ साल साउन २३ गतेदेखि २७ गतेसम्म नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा आयोजना प्रभावित व्यक्तिहरूका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ ।

एमसिए-नेपालद्वारा विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि प्राप्त गरिने जग्गाबापत् वितरण गरिने मुआब्जा रकमको उपयुक्त व्यवस्थापनका लागि आयोजना प्रभावित व्यक्तिहरू सक्षम भएको सुनिश्चित गर्नका लागि उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

मुआब्जा प्राप्त गर्ने व्यक्तिको बैङ्क खाता खोली उनीहरूलाई वित्तीय साक्षरता प्रदान गर्नु मुआब्जा वितरणपूर्व गरिनुपर्ने प्रक्रियामा पर्दछन् ।

एमसिए-नेपालले जग्गा प्राप्ति गरिने १० वटै जिल्लामा पुनर्वास कार्ययोजना अन्तर्गत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नेछ ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा २०८१ साल साउन २३ गते आयोजना प्रभावित व्यक्तिहरूका लागि सञ्चालन गरिएको वित्तीय साक्षरता कार्यक्रम ।

रुख गणना

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाबाट प्रभावित नौ वटा जिल्लामा रुख गणना कार्य सम्पन्न गरेको छ । उक्त रुख गणना कार्य सञ्चालनपूर्व सम्बन्धित सामुदायिक र कबुलियती वन उपभोक्ता समूहहरूसँग विस्तृत परामर्श कार्य गरिएको थियो ।

वन उपभोक्ता समूहहरूसँगको दोस्रो चरणको परामर्श कार्यक्रम सम्पन्न

एमिसए-नेपालले विद्युत् प्रसारण आयोजनाबाट प्रभावित हुने विभिन्न जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँगको दोस्रो चरणको परामर्श कार्यक्रम सम्पन्न गरेको छ ।

एमसिए-नेपालले सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँगको दोस्रो चरणको परामर्श कार्यक्रम विद्युत् प्रसारण आयोजनाबाट प्रभावित हुने सिन्धुपाल्चोक जिल्लामा २०८१ साल जेठ ३ गते, पाल्पा जिल्लामा भदौ ७ - २३ गते, तनहु जिल्लामा भदौ ७ - २२ गते र नुवाकोट जिल्लामा भदौ ५ - असोज १० गते आयोजना गरेको थियो ।

यसैगरी समान प्रकृतिका कार्यक्रम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा २०८१ साल असार २ - ८ गते, मकवानपुर जिल्लामा जेठ २७ - असार ३ गते, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा जेठ २३ गते र चितवन जिल्लामा जेठ २८ - ३२ गते र धादिङ जिल्लामा २०८१ साल जेठ २२ - असार ६ गते सञ्चालन गरिएको थियो ।

विद्युत् प्रसारण आयोजनाबाट प्रभावित पाल्पा जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग आयोजना गरिएको दोस्रो चरणको परामर्श कार्यक्रम ।

रुख गणना कार्यको नतिजाका आधारमा विद्युत् प्रसारण आयोजनाबाट प्रभावित सरकारी, सामुदायिक र कबुलियती वनमा कटान गर्नुपर्ने वन क्षेत्र र रुखको सङ्ख्या पहिचान गर्नुका साथै अभिलेखीकरण गरी उक्त विवरण सम्बन्धित वन उपभोक्ता समितिहरूलाई उपलब्ध गराउन र विद्युत् प्रसारण आयोजना कार्यान्वयनका लागि आवश्यक राष्ट्रिय वन क्षेत्र प्रयोगका लागि ती वन उपभोक्ता समितिहरूबाट सहमति प्राप्त गर्न उक्त गणना कार्य सञ्चालन गरिएको थियो ।

सङ्कलन गरिएका तथ्याङ्कका आधारमा एमसिए-नेपालले उपयुक्त प्रभाव न्यूनीकरण योजना तयार गर्नेछ ।

यस किसिमका परामर्श कार्यक्रमहरू विद्युत् प्रसारण आयोजनाबाट प्रभावित १० वटै जिल्लामा रहेका सबै सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग आयोजना गरिनेछ ।

रुख गणना, परामर्श कार्यक्रमको आयोजना तथा वन उपभोक्ता समूहहरूसँग सहमति स्थापना तथा जिल्लास्थित अधिकारीहरूसँगको समन्वय आयाजनासम्वन्धी कामहरू समयमै सम्पन्न हुने सुनिश्चितताका लागि रुख कटानसम्बन्धी अनुमति प्राप्त गर्नका लागि आवश्यक कदमहरू हुन् ।

विद्युत् प्रसारण आयोजनाबाट प्रभावित नुवाकोट जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग आयोजना गरिएको दोस्रो चरणको परामर्श कार्यक्रम ।

विद्युत् प्रसारण आयोजनाबाट प्रभावित मकवानपुर जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग आयोजना गरिएको दोस्रो चरणको परामर्श कार्यक्रम ।

विद्युत् प्रसारण आयोजनाबाट प्रभावित नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग आयोजना गरिएको दोस्रो चरणको परामर्श कार्यक्रम ।

विद्युत् प्रसारण आयोजनाबाट प्रभावित चितवन जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग आयोजना गरिएको दोस्रो चरणको परामर्श कार्यक्रम ।

विद्युत् प्रसारण आयोजनाबाट प्रभावित धादिङ जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग आयोजना गरिएको दोस्रो चरणको परामर्श कार्यक्रम ।

सडक मर्मत आयोजना

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत

पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको ४० किमि सडक खण्ड मर्मत कार्य फूल डेप्थ रिक्लेमेशन प्रविधि प्रयोग गरी गर्नका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट २०८१ साल भदौ २ गते स्वीकृत भएको छ ।

मन्त्रालयमा प्रस्तुत गर्नुपूर्व उक्त प्रतिवेदनसम्बन्धमा विभिन्न सरोकारवालासँग २०८१ साल जेठ २० गते छलफल गरिएको थियो ।

उक्त प्रतिवेदनले आयोजनाबाट स्थानीय वातावरण तथा समुदायमा पर्नसक्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्नका लागि आवश्यक उपाय अपनाउन एमसिए-नेपाललाई सहयोग गर्नेछ ।

पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको सडक खण्ड मर्मतका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा २०८१ साल जेठ २० गते आयोजित छलफल कार्यक्रम ।

सडक मर्मत आयोजनासम्बन्धी आगामी खरिदबारे छलफल कार्यक्रम

एमसिए-नेपालले सडक मर्मत आयोजनासम्बन्धी आगामी खरिदबारे सम्भाव्य बोलपत्रदाताहरूलाई जानकारी प्रदान गर्न भारतको नयाँदिल्लीमा २०८१ साल वैशाख ३ गते छलफल कार्यक्रम आयोजना गर्‍यो ।

भारतका लागि नेपाली दूतावासका मिनिष्टर (इकोनोमिक) श्री तारानाथ अधिकारीको समुपस्थितिमा सम्पन्न उक्त कार्यक्रम विशेष गरी सडक मर्मतमा फूल डेप्थ रिक्लेमेसन र सुपरपेभ प्रविधिको प्रयोगसम्बन्धी आगामी खरिद कार्यसम्बन्धी जानकारी सम्भाव्य बोलपत्रदाताहरूलाई उपलब्ध गराउन आयोजना गरिएको थियो ।

विभिन्न अन्तरराष्ट्रिय कम्पनीका करिब ७० जना प्रतिनिधिको सहभागिता रहेको उक्त कार्यक्रममा एमसिए-नेपालले गर्ने खरिदका उद्देश्यहरू, समय तालिका, खरिद प्रक्रिया, सिद्धान्त र

सडक मर्मत आयोजनासम्बन्धी आगामी खरिदबारे सम्भाव्य बोलपत्रदाताहरूलाई जानकारी प्रदान गर्न भारतको नयाँदिल्लीमा २०८१ साल वैशाख ३ गते आयोजित छलफल कार्यक्रममा सहभागीहरू ।

मार्गनिर्देशनबारे जानकारी गराइएको थियो ।

यस अघि २०८० साल फागुन १५ गते काठमाडौँमा आयोजित यस्तै किसिमको छलफल कार्यक्रममा नेपालस्थित विभिन्न निर्माण कम्पनीका ८९ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सफलताको कथा

आर्थिक अवसर सिर्जना गर्दै भिमेश्वर वहुउद्देश्यीय सहकारी लिमिटेड

नुवाकोटको रातमाटेका आयोजना प्रभावित व्यक्तिहरूको जीविकोपार्जन पुनःस्थापनाका लागि एमसिए-नेपालले तयार गरेको रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रमको एउटा मुख्य कार्य आयोजना प्रभावित परिवारहरूलाई उनीहरूका कृषि क्रियाकलाप र आयमूलक व्यवसायमा सहयोग उपलब्ध गराउन बचत तथा ऋण परिचालनका लागि सहकारी स्थापना गर्नु पनि थियो ।

एमसिए-नेपालको परामर्शदातृ संस्था सप्रोस नेपालको सहयोग र प्राविधिक मार्गनिर्देशनमा नुवाकोटको बेलकोटगढी नगरपालिकामा स्थापना गरिएको भिमेश्वर बहुउद्देश्यीय सहकारी लिमिटेड २०८१ साल वैशाख २८ गते दर्ता गरिएको थियो । सहकारीका सदस्यहरूको क्षमता अभिवृद्धिका लागि लेखापालन, सहकारी व्यवस्थापन, सुशासन, बचत तथा ऋण परिचालन, वित्तीय ऋण वितरण एवं असुलीका साथै कृषि उत्पादनको बजारीकरणका लागि सम्पर्क विस्तारसम्बन्धमा प्रशिक्षण पनि प्रदान गरिएको थियो ।

उक्त सहकारीका अध्यक्ष तथा आयोजना प्रभावित व्यक्ति श्री महेश्वर न्यौपाने भन्नुहुन्छ, "सहकारीले चुनौतिहरूको सामना गर्न सामाजिक एकता तथा पुनरुत्थान क्षमता प्रवर्द्धन गर्दै सदस्यहरूबीच एकता तथा पारस्परिक सहयोगको भावना विकास गर्नेछ। यसले दिगो जीविकोपार्जन अपनाउन र दीर्घकालीन आर्थिक स्थायित्व हासिल गर्न आयोजना प्रभावित परिवारहरूलाई सशक्तीकरण गर्दै सीप विकास, ज्ञान आदानप्रदान तथा क्षमता अभिवृद्धिको मञ्चका रूपमा पनि सेवा उपलब्ध गराउनेछ ।"

सप्रोस नेपालका जीविकोपार्जन पुनःस्थापना कार्यक्रम टोली नेता श्री सञ्जु बगाले भन्नुहुन्छ, "बेलकोटगढी नगरपालिकामा सहकारी दर्ताका लागि आवश्यक विनियम नभएकोले सहकारी दर्ता गर्न केही समस्या सामना गर्नुपरेको थियो । निकै प्रयासपछि उक्त विनियम पारित गराउनुका साथै त्यसलाई अभ्यासमा ल्याउनका लागि विभिन्न प्रमुख क्रियाकलापहरू सञ्चालन गर्नेसन्दर्भमा जीविकोपार्जन पुनःस्थापना कार्यक्रम टोलीले नै सहजीकरण गर्नुपरेको थियो ।"

बेलकोटगढी नगरपालिकाका प्रमुख श्री जगत बहादुर गुरुङले २०८१ साल असार २० गते उक्त सहकारीको औपचारिक उद्घाटन गर्नुभएको

थियो । जीविकोपार्जन पुनःस्थापना कार्यक्रम सम्पन्न हुँदासम्ममा उक्त सहकारीले आफ्ना सदस्यहरूबाट एक करोड २२ लाख २८ हजार सात सय रुपियाँ सङ्कलन गरिसकेको थियो भने आफ्नै साना व्यवसाय सञ्चालन गर्न वा सञ्चालनमा रहेको व्यवसायलाई विस्तार गर्न ३४ जनालाई ऋण प्रवाह गरिसकेको थियो । ती ३४ जनामध्ये १६ जना आयोजना प्रभावित व्यक्तिहरू थिए ।

सहकारी स्थापनासम्बन्धी सफलताको कथा हेर्न तल दिइएको लिङ्कमा जानुहोला :
https://www.youtube.com/watch?v=fxkODLkcCUg&t=1s

बेलकोटगढी नगरपालिकाका प्रमुख श्री जगत बहादुर गुरुङ २०८१ साल असार २० गते भिमेश्वर बहुउद्देश्यीय सहकारी लिमिटेडको उद्घाटन गर्नुहुँदै ।

सम्पर्कका लागि

मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

लालदरबार सम्मेलन केन्द्र, याक एण्ड यति परिसर
दरबार मार्ग, काठमाडौं, नेपाल
+९७७-१-४५४०९५१
info@mcanp.org | www.mcanp.org

समृद्धिको पाटो, बिजुली र बाटो